ब्वाँसाहरु



पाष्टरीय तालीम पुस्तिका

६२

तालीम र वृद्धि

T&M ®

बुद्धिको निम्ति प्रभुसँग प्रार्थना गर्नोस्, ताकि शैतानले तपाईंको बगालमा आक्रमण गर्न पठाएका ब्वाँसाहरुलाई तपाईंले चिन्न सक्नुहुनेछ ।

ब्वाँसो के हो ? येशू अनि प्रेरित पावलले झूटा गोठालाहरुलाई "ब्वाँसाहरु" भन्नुभयो । एक ब्वाँसो त्यो व्यक्ति हो जसले झूटो शिक्षा सिकाउँछ, विभाजन ल्याउँछ अथवा मानिसहरु ('भेडाहरु') लाई लोभ्याएर तिनीहरुको मण्डलीबाट टाडो लैजान्छ । त्यसले भेडा चोर्दछ । शैतानले मण्डलीमा झूटा शिक्षा अनि व्यवहारहरु ल्याउने प्रयास गर्दछ अनि ब्वाँसाहरुलाई यी काम गर्न प्रयोग गर्दछ । (मत्ती ७:१५, १ तिमोथी ४:१) ब्वाँसाहरु मण्डली भित्र अनि बाहिर, दुवैतिर बाट आउँछन् । (प्रेरित २०:२८-३०)



विभाजक

विभाजक एक खतरनाक ब्वाँसो हो । त्यसले परमेश्वरको वचनलाई, (मत्ती २४:११,२४), मण्डलीको अगुवालाई, प्रभुमा एक हुनु पर्ने वास्तविकतालाई आदर गर्दैन ।

उसले सुसमाचार प्रचार गर्दैन, तर कमजोर सदस्यहरुलाई हातमा लिन्छ, अनि तिनीहरुलाई बगालबाट अलग पार्छ । (रोमी १५:२०-२१, २ कोरन्थी १०:१५-१८, गलाती १:६-८)

यो ब्वाँसोले भेडाको भेस धारण गर्दछ (मत्ती ७:१५)। त्यसले सुसमाचार प्रचार गर्ने निहुँमा विभाजन ल्याउने आत्मा भड्काएर ठग्ने काम गर्दछ



"किनकि त्यस्ता मानिसहरु झूटा प्रेरितहरु र छली काम गर्नेहरु हुन्, र खीष्टका प्रेरितहरुको भेस लगाएर हिँड्नेहरु मात्र हुन् । यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि ज्यातिर्मय स्वर्गदूतहरुको भेस धारण गर्छ । यसकारण यो कुनै अनौठा कुरा होइन, कि त्यसका दासहरुले पनि धार्मिकताका दासहरुका रुपमा आफ्नो भेस बद्लन्छन् । तिनीहरुको अन्त्य तिनीहरुका कामअनुसार हुन्छ ।"

(२ कोरन्थी ११:१३-१५)

विभाजकले बाइबलबाट सिकाउँछ, तर केवल:

- ☐ हाम्रो आत्मिक उन्नति गर्नको निम्ति ।
- ☐ हामीलाई ठग्नको निम्ति ।



जब पाष्टरहरु सचेत हुँदैनन्, तब विभाजक ब्वाँसो पस्दछ । त्यसले एक भेडो जस्तै भएर, एक प्रेमिलो संगी-विश्वासी भएर कुरा गर्छ । स्मरण रहोस्, शैतानले प्रभु येशूलाई पनि ठग्नको लागि परमेश्वरको वचन प्रयोग गरेको थियो । (मत्ती ४:५-६)

चोर चाहिँ सही बाटो अर्थात येशू, जो ढोका हुनुहुन्छ, त्यहाँबाट बगाल भएको ठाउँमा आउँदैन (यूहन्ना १०:७-१०)। यसको अर्थ, यसले प्रभुको अनुमति लिएर आएको होइन। त्यसले बाइबलको कुरा गरे तापनि, त्यसले गर्न चाहेको कुरा के हो भने :

☐ भेडा चोर्नु।

☐ भेडालाई सहयोग पुऱ्याउनु।

"किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरु तिमीहरुका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी र ाख्नेछैनन्। तपाईंहरुकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरु उठ्नेछन्, जसले चेलाहरुलाई आफ्ना पछि लैजानेछन्। यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें।" (प्रेरित २०:२९-३१)

एक ज्ञानी पाष्टरले उसका मण्डलीका मानिसहरुबारे जान्दछ अनि उसले तिनीहरुको सुरक्षा गर्दछ। नत्रभने, ब्वाँसाहरुले बगाललाई नष्ट पारिदिनेछ।

"भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस।" (रोमी १६:१७)

फरिसी ब्वाँसो

एउटा अर्को ब्वाँसो छ जसलाई फरिसी भनिन्छ: त्यसले चाहिँ सुँघ्दै र चियो गर्दै, अनि कसको आलोचना गरुँ भन्दै हिँडिर हेको हुन्छ ।

व्यवस्थावादी फरिसीले चाहिँ आफ्नै नियमहरु लागू गर्न चाहन्छ । त्यसले दोष र डरको भावना हालिदिन्छ । त्यसले कमजोरी विश्वासीहरुलाई खीष्टमा पाइने पूर्ण पापक्षमाबारे शङ्का हालिदिन्छ, ताकि तिनीहरुले ब्वाँसोका कुराहरु सुनी त्यसै गर्नेछन् ।

कहिले काहीँ यो ब्वाँसोले पुरानो करारबाट मानव-विधि तथा रिवाजहरुलाई जोड दिने गर्छ । यी नियमहरु पालन गर्ने हुँदा हामी "व्यवस्थावादी" बन्न पुग्छौं । यदि कसैले मुक्तिको लागि एउटा व्यवस्था पालन गर्दछ भने उसले सबै पालन गर्नु पर्ने हुन्छ, जो असम्भव हुन्छ, अनि फलस्वरुप, त्यो व्यक्ति श्रापको अधीनमा आउँदछ (गलाती ३:१०)। हामी त नयाँ करारको प्रेमको नियममुनि पो छौं (मत्ती २२:३७-४०)।

यो ब्वाँसोले नियमहरु बनाउन अनि लागू गराउन मन पराउँछ ताकि उसले मानिसहरुलाई उसले भनेका कुराहरु गराउन कर लाउन सक्छ । हामीले खीष्टमा पाएको स्वतन्त्रलाई त्यसले चियो गर्दछ ।

कहिले काहीँ हामीले नयाँ नियमहरु पत्ता लाउँछौं जो बाइबलमा छैन । जतिसुकै राम्रा अभिप्राय लिएको भए पनि यदि स्थानीय मण्डलीको जीवन र वृद्धिमा बाधा ल्याउँछ भने, हामीले ती सबैलाई इन्कार गर्नुपर्छ । जो आत्माअनुसार जिउँछ उनीहरुले प्रभुको आज्ञा पूरा गर्छ, किनकि उसले परमेश्वर अनि उसको छिमेकीलाई प्रेम गर्दछ: *"प्रेमले व्यवस्थालाई पूरा गर्दछ ।"* (रोमी १३:१०)

यी ब्वाँसाहरुले प्रमुख ठानेका कुराहरु, जस्तै खानाको नियम, विशेष दिनहरु मान्ने, इत्यादि, को कुनै विशेष महत्त्व छैन (रोमी १४:१-६)। *"किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।"* (रोमी १४:१७)

शेखी ब्वाँसो

यस्तो ब्वाँसोले आफ्नै ठूलो ज्ञानमा भरोसा राख्दछ: *"ज्ञानले घमण्ड ल्याउँछ"*। (१ कोरन्थी ८:१)

सांसारिक ज्ञानद्वारा कसैले पनि परमेश्वरलाई चिन्न सक्तैन (१ कोरन्थी १:१९-२३)। केही "ज्ञानी मानिसहरु" ले बाइबलमा भनिएका आश्चर्यकर्महरुलाई इन्कार गर्दछन् । अरु "ज्ञानी मानिसहरु" ले तिनीहरुको आफ्नै सिद्धान्त अनि अभ्यासहरु थप्दछन् ।

भुक्ने

अर्को खाले ब्वाँसो हो हल्ला गर्दै भुक्ने । उ चाहिँ ठूलो मुख भएको, सधैं खुल्ला, आफ्नै बारेमा बोलिरहने व्यक्तिको रुपमा परिचित हुन्छ । उसले आफ्नो विश्वासको आधार आफ्नै

अनुभवलाई मानेको हुन्छ । उसले भावनात्मक अनुभवहरु मात्र खोज्दछ । उसले प्रार्थना गर्दा अरुको ध्यानाकर्षण गर्न जोडले कराउने गर्दछ (मत्ती ६:५)। आराधना सेवाको बेला उसले अलमलमा पार्ने काम गर्छ अनि आफैमा आत्मसंयम भने हुँदैन ।

"अगमवक्ताहरुका आत्मा अगमवक्ताहरुकै अधीनमा हुन्छन् । किनकि परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ । तर सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ ।"

(१ कोरन्थी १४:३२,३३,४०)

सुन मलाई के भयो।

केवल ममा आत्मा छ ।

तपाईंले कस्तो अनुभव गर्नुहुन्छ
त्यो नै मूल्यवान ठहर्छ ।

महिमा ! आमेन् !



अति आत्मिकी ब्वाँसो

अति आत्मिकी ब्वाँसोले प्रभु येशू खीष्टलाई होइन, तर आफैलाई दिन्छ। परमेश्वरसित सोझो सम्बन्ध गर्दछु भनी उसले घमण्ड गर्दछ। अचम्भका कामहरु गर्नलाई त्यसले हामीलाई उक्साउँछ। उसले लामो समयसम्म उपवास बस्छ भनेर मानिसहरुलाई जानकारी दिन्छ अनि जोडसग प्रार्थना गर्दछ। परमेश्वरले काम गर्दै हुनुहुन्छ भनेर जान्न आश्चर्यमय चिन्हहरु उसले माग्दछ, जो येशूले मत्ती १६:४ मा मनाही गर्नुभएको छ। कतिले ता यो पनि जोड दिन्छन् कि उनीहरुको मण्डली मात्र साँचो मण्डली हो।

येशूले चेताउनी दिनुभयो, *"त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं ? तपाईंको नाउँमा भूतहरु धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ? अनि म तिनीहरुलाई सफासँग भन्नेछु, 'मैले तिमीहरुलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ।'* (मत्ती ७:२२-२३)

आधुनिक मूर्तिपूजक ब्वाँसो

आधुनिक मूर्तिपूजक ब्वाँसोले टाइपराइटरद्वारा आफ्नै ईश्वरहरु बनाउँछ । तिनीहरुले आ-आफ्नै सिद्धान्तहरु जन्माउँछन् ।



उदाहरणको लागि, यहोवाका साक्षीहरुका दुइ "वास्तविक" ईश्वरहरु छन् । तिनीहरु भन्दछन् कि खीष्ट "एक ईश्वर" हुनुहुन्छ साथै यहोवा पनि । यी ब्वाँसाहरु प्रभुको निम्ति सच्चा साक्षीहरु होइनन्, किनकि यशैया ४३:१० मा यहोवाले भन्नुभएको छ कि उहाँका

साक्षीहरुले उहाँ एउटै हुनुहुन्छ भनी साक्षी दिनेछन्, (दुइ जना होइन, जस्तो कि यहोवाका साक्षी दिनेहरुले अनन्त वचन, येशू ख्रीष्टको बारेमा बोल्दा भन्ने गर्छन्)।

मर्मन चर्चको पनि धेरै ईश्वरहरु छन् । तिनीहरु भन्दछन् कि हरेक मर्मन एक ईश्वर नबनिउञ्जेल उचालिनेछ । 'न्यू एज' का उपाषकहरु भन्दछन् कि हरेक व्यक्ति नै ईश्वर हो, अथवा परमेश्वर र प्रकृति एउटै हुन् ।

भविष्यज्ञाता ब्वाँसो

भविष्यज्ञाता ब्वाँसो अन्धविश्वासी हुन्छ । उसले ताराहरु हेरी, जोखाना हेरी, अनि आत्माहरु खेलाउने काम गरी, सकेदेखि मृतहरुसित सम्पर्क राखी भविष्यबारे अन्दाज काड्दछ । व्यवस्था १८:१०-१४ ले हामीलाई यी सबै कुरा गर्न मनाही गरेको छ ।

हृदय-तोड्ने ब्वाँसो

दु:खलाग्दो कुरो यो छ कि स्त्रीहरुलाई परामर्श दिँदा अगुवाहरुले केही शारीरिक छनक दिन चुक्दैनन् । तिनीहरुलाई भावनात्मक रुपमा आश्रित बनाउँछन् । तिनीहरुले "प्रभुको प्रेम देखाउने" अथवा "भावनात्मक चिकित्सा" को नाउँमा उनीहरुको स्थितिलाई नराम्रो सम्बन्धमा परिणत गर्न चुक्दैनन् । एक ईमान्दार पाष्टरले आत्मसंयमको लागि प्रार्थना गर्दछ, अनि शैतानको आक्रमणमा पर्नदेखि आफैलाई जोगाउँछ । कुनै एक स्त्रीलाई भेट्दा अथवा उसलाई परामर्श दिँदा, एक नैतिक पाष्टरले आफ्नी पत्नी अथवा कुनै अर्को स्त्रीलाई लिएर जान्छ ।

लोभी ब्वाँसो

लोभी ब्वाँसोले चाहिँ भौतिक फाइदाको लागि प्रचार गर्दछ । उसले खीष्टको प्रेमको लागि काम गर्दैन, तर उसले के पाउँछ त्यसको लागि गर्दछ । उसले आफ्नो क्रूस बोक्नलाई होइन, तर रोटी र माछाको निम्ति प्रभुलाई पछ्याइरहेको हुनछ ।

“मानिसहरुको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरुलाई भन्नुभयो, ‘यदि कोही मकहाँ आउँछ, र आफ्ना बाबु, आमा, पत्नी, छोराछोरीहरु र दाजु-भाइ, दिदी-बहिनीहरुलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरा चेला हुन सक्दैन। जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन।”

(लूका १४:२५-२७)

“तिमीहरुका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरुसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, “म तिमीहरुलाई कुनै रीतिले छोड्ने छैनँ, म तिमीहरुलाई त्याग्नेछैनँ।”

(हिब्रू १३:५)

सम्पूर्ण मण्डली इतिहासभरि नै लोभी ब्वाँसाहरुले आत्मा जित्ने व्यवसाय चलाएर आएका छन् ।

प्राचीन रोमी मण्डलीका कतिपय सेवकहरुले बप्तिस्मा, मास, घरेलु भेटघाट अनि दफन कार्यहरुको निम्ति रुपियाँ लिने गर्थे । मध्ययुगमा मण्डली यसरी नै धेरै धनी भयो ।

गलत शिक्षाको विरोध गर्ने धेरै जनालाई मण्डलीबाट बाहिर गरियो, कष्ट दिइयो अनि मारियो । रोमी मण्डलीको "पवित्र तहकीकात" ले धेरै देशका हजारौं विश्वासीहरुलाई सतायो अनि माऱ्यो ।

मध्य युगमा भएका अरु लोभी ब्वाँसाहरु पनि मुस्लिमहरुको विरुद्ध धर्मयुद्ध (क्रूसेड) चलाएर धेरै धनी भए । तिनीहरुले ख्रीष्टको नाउँमा हतियारहरु भिरे, अनि जुन जुन जग्गाबाट भएर तिनीहरु गए, तिनीहरुले लुटे ।

लोभी ब्वाँसाहरुले इभान्जलिकल मण्डलीहरु पनि छिचोलिसकेका हुन्छन् । तिनीहरुले धर्मद्वारा नै धनी हुने

प्रयास गर्दछन् । शैतानले कति पाष्टरहरुलाई लालची हुनको निम्ति परीक्षा गर्दछ :

"तर यो बुझिराख, कि आखिरी दिनहरुमा डरलाग्दा समयहरु आउनेछन् । किनभने मानिसहरु आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरुको बदनाम गर्ने...."

(२ तिमोथी ३:१-२)

पैसाको लोभी ! पैसासित प्रेममा फँस्नु कति दु:खलाग्दो कुरो हो ! पैसा कमाउनको निम्ति हाम्रो येशूको दुलही, येशूको पवित्र देह, मण्डलीलाई प्रयोग गर्नु सेवकाइको कति घृणित रुप हो !

कति लालची इसाई सेवकहरुले उनीहरु व्यापार सम्बन्धी युनियनका अगुवाहरुझैं तिनीहरुका संस्थाहरु अथवा मण्डलीहरुबाट धेरै तलबको माग राख्दछन् ।

हिब्रू १३:५ अनुसार हामी कसरी जिउनु पर्छ ?

☐ जोडसित अथवा बडो चतुर्‍याइँपूर्वक गनगन गरेर ।

☐ विश्वासद्वारा ।

यी लोभी ब्वाँसाहरु नयाँ क्षेत्रमा सुसमाचार प्रचारसित मतलब राख्दैनन् । तिनीहरुले आफ्नो मण्डलीको सबै पैसा तिनीहरुकै मण्डलीको निम्ति अनि तिनीहरुकै नियन्त्रण र प्रयोगको लागि राख्दछन् ।

जब कुनै पाष्टरले अन्तैबाट (अरु मण्डलीहरु अथवा अरु देशहरुबाट) पैसा खोज्दछ भने, दशांश दिएर उसलाई तलब दिने जिम्मेवारीबाट उसको आफ्नै मण्डली पन्छिएर टाडो हुनपुग्छ । यसपछि मण्डली आत्मिक रुपमा जमिएर बग्न छोड्दछ ।

कति लोभी ब्वाँसाहरुले रेडियो, पत्र अथवा टिभीद्वारा अनुदानहरु माग्दछन्, तर तिनीहरुले ख्रीष्टको कामको निम्ति होइन, तर धनी हुनलाई मात्र प्रयोग गर्दछन् । तिनीहरुले परमेश्वरका जनहरुलाई ठग्दछन् । हामी परमेश्वरलाई साधारणतया हाम्रो मण्डलीमार्फत उपाषनाको रुपमा दिने गर्दछौं ।

हरेक चिठीमा “विशेष जरुरी खाँचो” भनेर रुने हरेक प्रचार कलाई हामी भेटीहरु दिँदैनौं ।

कति लोभी ब्वाँसाहरुले तिनीहरुले लगाएका ठूला ठूला क्याम्पेनहरुबाट ठूलो धन राशी पाउँदछन् । तिनीहरुले खाँचो बढाइ चढाइ गर्छन् अनि चाहिएकोभन्दा बढी माग्छन् । यदि क्याम्पेन परमेश्वरको हो भने, हामीले बढाइ चढाइ गर्नुपर्ने, झूटो बोल्नु पर्ने, अथवा माग राखिराख्नु पर्ने कुनै आवश्यकता नै छैन । प्रार्थना र विश्वासद्वारा जे खाँचो छ त्यो उहाँले पूरा गरिदिनु हुन्छ ।

अरु कतिपय लोभी ब्वाँसाहरुले चाहिँ मण्डलीले बजेट राखेको मन पराउँदैनन् । अरु लोभी ब्वाँसाहरुले चाहिँ मण्डलीले दिएको सबै थोक सोहोर-साहार पार्दछन् । तिनीहरुले खर्च गरेको पैसाको हिसाब दिँदैनन् । परमेश्वरको महिमाको लागि, मण्डली फण्डको सारा प्रशासन खुला, स्पष्ट, ईमान्दार अनि सोझो हुनुपर्छ ।

जब मण्डलीलाई पैसा कसरी खर्च हुन्छ थाहा हुँदैन, मण्डलीले दिँदैन अथवा जिम्मेवारीपूर्ण ढङ्गमा दशांश दिँदैन ।

मण्डली अथवा चर्च अगुवाहरुले बजेटमा अनुमोदन गरिएका रकमहरु मात्र तिर्न कोषाध्यक्षलाई अधिकार दिनुपर्छ ।

कोषाध्यक्षले हरेक महीना मण्डली अथवा काउन्सिललाई आर्थिक प्रतिवेदन दिन्छ । यदि मानिसहरुले १ तिमोथी ५:१७-१८ भने जस्तै गरी आफ्ना अगुवाहरुलाई सहयोग गर्दछ भने, त्यहाँ कुनै प्रकारको समस्या हुनेछैन ।

अरु लालची ब्वाँसाहरुले विश्वासीहरुबाट, अनि खीष्टमा भरोसा गरिएका भाइहरुबाट, ऋण आदि लिएर फाइदा लिन्छन् । तिनीहरुले पैसा फर्काउँदैनन् । तिनीहरुले एउटा मण्डली गर्ने जति गरि सकेपछि, अर्कोमा जान्छन् । २ थिस्स. ३:१० ले आज्ञा गर्दछ: *"कसैले काम गर्दैन भने त्यसले नखाओस्"* अनि *"झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल"* (एफिसी ४:२५)। लालचले हामीलाई झूट बोल्न र ठगी गर्न लाउँछ ।

पावलले लेखेका छन् :

"खाँचो पऱ्यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले

सिकेको छु । कसरी घट्न र कसरी बढ्न म जान्दछु । परि पूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु । जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।"

(फिलिप्पी ४:११-१३)

ईमान्दार पाष्टर *"अईमान्दारी कमाइतिर लाग्नु"* हुँदैन (तीतस १:७) । उनी *"पैसाको प्रेमी हुनुहुँदैन"* (१ तिमोथी ३:३)। ईमान्दार डिकन पनि *"अईमान्दारी कमाइतिर लाग्नु"* हुँदैन (१ तिमोथी ३:८)। सयभन्दा बढी बाइबल पदहरुले हामीलाई लालचको विरुद्ध चेताउनी दिएको छ !

किन परमेश्वरले लालचलाई त्यति गम्भीरतापूर्वक लिनुहुन्छ ? तपाईंको विचार लेख्नोस् :

प्रेरित पावलले भने :

“मैले कुनै मानिसको सुन, चाँदी, कि वस्त्रको लोभ गरिनँ । तपाईंहरु आफै जान्नुहुन्छ कि मेरा यिनै हातले मेरो आफ्नै र मेरा साथमा भएकाहरुको आवश्यकतालाई पूरा गरेका छन् । मैले सबै कुरामा तपाईंहरुलाई उदाहरण दिएको छु, कि तपाईंहरुले पनि यसरी नै कडा परिश्रम गरेर निर्धाहरुलाई मदत गर्नुपर्छ । प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि लिनुभन्दा दिन अझ धन्य हो ।”

(प्रेरित २०:३३-३५)

के तपाईंले तपाईंसँग भएको कुराद्वारा सन्तुष्ट रहन सिक्नुभएको छ ?



सारांश जाँच

“यदि तिमीकहाँ आएर यो सिद्धान्त ल्याएन भने त्यसलाई घर मा स्वागत नगर्नू । त्यसलाई अभिवादन पनि नगर्नू ।”

(२ यूहन्ना ९-१०)

१. शेखी ब्वाँसा :

☐ विनम्र हुन्छ ।

☐ उसले सबै कुरो जान्दछ भनी सोच्दछ ।

२. विभाजक घमण्डी हुन्छ । त्यसलाई यसो गर्न मनपर्छ :

☐ एल्डर तथा पाष्टरहरुको आलोचना गर्नु ।

☐ विश्वासीहरु मिलापमा आऊन् भनेर प्रोत्साहन गर्नु ।

३. धेरै भेडा-चोर्नेहरु आलोचक हुन्छन् । तिनीहरु बगालको बीचमा :

☐ मण्डलीबाट अधिकार लिएर पस्छन् ।

☐ मण्डलीबाट कुनै अनुमति नलिई पस्छन् ।

४. शैतानले जस्तै ब्वाँसोले पनि बाइबलको प्रयोग गर्दछ :

☐ हाम्रो भरोसा जित्न, अनि त्यसकै बाटोमा लैजान ।

☐ एक संयुक्त मण्डली निर्माण गर्न ।

५. ब्वाँसोले आफ्नै बाटो रोज्दछ । त्यो धार्मिक देखिन्छ । त्यो भेडाको भेस धारण गरेर आउँछ । येशूमा भरोसा गरेकाहरुलाई ठग्नको निम्ति त्यसले ज्योतिको स्वर्गदूतहरु जस्तै गरी बातचीत गर्दछ । जब ब्वाँसोले विभाजन गर्न खोज्छ, हामीले के गर्नु पर्ला :

☐ त्यसबाट टाडो रहने ।

☐ त्यसको आलोचना गर्ने ।

६. ब्वाँसोले के भन्छ, त्यसमा हामी ध्यान दिँदैनौं, हामी त्यसलाई वास्तै गर्दैनौं । ब्वाँसोले कहिले काहीँ साँचो कुरो भन्दछ, तर व्यवहारमा चाहिँ :

☐ एकता चाहन्छ ।

☐ विभाजन चाहन्छ ।

७. फरिसीहरुले विश्वासीहरुलाई कसरी विभाजन गर्छ :

☐ त्यसको प्रेमद्वारा ।

☐ त्यसको नियम (व्यवस्था) हरुद्वारा ।

८. नयमहरु लाद्ने काम सँगसँगै, कति ब्वाँसाहरुले चाहिँ लालचद्वारा मण्डलीहरुलाई कमजोर पारिरहेको हुन्छन् । यिनीहरुले मुख्य गरी केको निम्ति काम गर्दछन् ?

☐ प्रेमको निम्ति ।

☐ धनी हुनको निम्ति ।

अभ्यासको काम

- विभिन्न प्रकारका ब्वाँसाहरुको बारेमा चेताउनी दिँदै प्रेरित २०:२८-३१ बाट तपाईंको बगाललाई सिकाउनु होस् । यदि तपाईं स्वयं एक ब्वाँसो हुनुभएको थियो भने अहिले पश्चाताप गर्नोस्, तपाईंले जस-जसलाई चोट पुऱ्याउनु भएको छ तिनीहरुसँग क्षमा माग्नु होस्, अनि गलत पाराले लिएका सारा थोक अथवा पैसा फर्काइदिनुहोस् ।

- विश्वासीहरुलाई एकले अर्कालाई प्रेम गर्न सिकाउनु होस् । यदि कोही अरुसँग मिल्न नसक्ने छ भने, उसलाई अरुसँग मिलापमा आउन सहयोग गर्नुहोस् । अर्को भाइको विरुद्धमा कसैले उसको मनमा रीस लिएको छ भने, परमेश्वरको आत्माले उसलाई शुद्ध नपारुञ्जेल, उसले प्रार्थना गर्नुपर्छ, सकेसम्म उपवाससहित । (मत्ती ५:२३-२४)

- हरेक पश्चातापी विश्वासीलाई यो निश्चित गराइदिनु होस् कि प्रभु येशू ख्रीष्टमा तिनीहरुको क्षमादान पूर्ण र अनन्त छ । (कलस्सी २:९-१०, १ यूहन्ना १:७, १ यूहन्ना ५:१३)

- तपाईंले बाइबलमा सिक्नुभएको भन्दा भिन्दै सिद्धान्त लिएर यदि कोही आउँछ भने, उसित तुरन्तै सामना गरि हाल्नोस् । (रोमी १६:१७) विभाजन ल्याउन खोज्ने व्यक्तिलाई हामीले चेताउनी दिनुपर्छ, यदि जारी राख्छ भने संगतिबाट बाहिर गरिदिनुपर्छ । (तीतस ३:१०-११) यदि मण्डली एकलैले त्यो ब्वाँसोलाई ठीक पार्न सक्तैन भने, यसले अरु मण्डलीहरुबाट पनि अगुवाहरु बोलाएर यसबारे पत्ता लगाई ठीक पार्ने काम गरिहाल्नु पर्छ । (प्रेरित १५)

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

062NP01A-01